छत्रेश्वरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

भोटेचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

## वालुवा गिटट्टी विक्रीको दरभाउ सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७६/०५/१५**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (१), घ (२), घ (६) समेतमा भएको व्यवस्था,प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तथा यस गाउँपालिकाको गाउँ कार्यपालिकाको निर्णयानुसार देहायका शीर्षकहरुमा राजस्व असुली सम्वन्धी कामआ.व. २०७६/७७ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पुरा गरेका योग्यफर्महरुले दरभाउ पत्र खरिद गरी देहायको मिति र समय भित्र दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीका लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

### आन्तरिक आय ठेक्का विवरण

| आय ठेक्का नं. | आयको विवरण | आ.व.२०७६/०७७ का लागि कायम न्यूनतम (मू.अ.कर बाहेक) | विक्री तथा निकासी दर वातावरण शुल्क सहित प्रति क्यू फिट | धरौटी रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| CRM/IR/076-77/01 | छत्रेश्वरी गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने शारदा नदी क्षेत्र (IEEमा उल्लेखित क्षेत्रहरुबाट बालुवा गिट्ठी उत्पादन/विक्रीशुल्क) । | रु ६००,०००/- | रु २ | कबोल अंकको ५ प्रतिशत | रु १०००/- |

### सिलबन्दी दरभाउपत्र सम्बन्धी शर्तहरु :-

१. दरभाउ पत्र अवधि आ.व. २०७६/०७७ आषाढ मसान्त सम्म रहनेछ । तर ठेक्कामा माल समानको परिमाण एकिन भएको र परिमाण अनुसार नै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधीमा पनि विक्री निकासी गर्न सकिने छ ।साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ती दावी गर्न पाईने छैन ।IEE प्रतिवेदनले निषेध गरेको अवधी तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइनेछैन ।

३. माथि उल्लेखित सबै ठेक्काहरु कबोल अङ्को थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

५. प्रचलित ऐन बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रीम बुझाएमा ५प्रतिशत सम्म रकम छुट दिन सकिनेछ । नियमानुसार लाग्ने मू.अ.कर प्रयोजनको लागि भने छुट दिइने छैन ।बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको **नेपाल इन्भेष्टमेन्ट बैंक लान्तीमा रहेका कार्यालयको खाता नं ' ०७२०१०४०२५००९२** मा दाखिला गर्नु पर्नेछ ।

६.कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र दिंदाकुनै किसिमको शर्त मान्य हुने छैन । साथै रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८.कोटसनमा कुनै विवाद भएमा छत्रेश्वरी गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

९.उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी १६औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ । प्राप्त बोलपत्र हरु सोही दिन दिनको २:०० वजे छत्रेश्वरी गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

१०. बालुवा गिट्ठीको उत्पादन तथा विक्री वितरण बापतको दर गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१२.बोलपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश: सोको भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

१३.यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ ।

१४.यस सूचना तथा बोलपत्र साथ संलग्न अन्यशर्तहरु पुरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन ।

१५. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

**सिलबन्दी कोटेशन सम्बन्धी अन्यशर्तहरु :**

१ पहिलो किस्ता बापतको रकम कार्यालयको विभाज्यकोष खातामा जम्मा भएपछि मात्र सिलबन्दी कोटेशन सम्झौता गरिनेछ ।

२ आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. |
| --- | --- | --- |
| पहिलो | ठेक्का स्वीकृत सम्झौता गर्दाका बखत | कबोल अङ्कको ५० प्रतिशतले हुन आउने रकम |
| दोस्रो | २०७७ साल वैशाख मसान्त भित्र | कबोल अङ्कको ५० प्रतिशतले हुनआउने रकम |

३ ठेक्का कबोल गर्ने ठेकेदारले छत्रेश्वरी गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने बिक्री तथा निकासी तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

४ माथिशर्त नं. ३ माउल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम बिक्रीमा मू.अ.करको हिसाव निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद मासिक रुपमा छत्रेश्वरी गाउँपालकामा बुझाउनु पर्नेछ ।

६. ठेक्कामा कुनै विवाद भएमा छत्रेश्वरी गाउँ कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ ।

७ छत्रेश्वरी गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

१०. जमानी बापत बोलपत्रमा आफूले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

११.तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा क वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुलउपर गरिनेछ । सोमा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन ।

१२.कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकममिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१४.प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१५.छत्रेश्वरी गाउँपालिका भित्रको शारदा नदिबाट ढुंगा, गिट्टी, वालुवा, निकाली बिक्री तथा निकासी गर्ने क्रममा गाउँपालिका भित्रका पक्की पूलको तल माथि ५०० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी बिक्री तथा निकासी गर्न कानूनले पूर्णरुपमा प्रतिबन्ध लगाएको हुँदा कर संकलकले सो कुरालाई पूर्णरुपमा ध्यान दिनु पर्नेछ । ढुंगा, गिट्टी, वालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्साङ्कन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन गर्न पाईनेछ ।

१६.कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।

१७.यस कार्यालयमा पेश हुन आएका बोलपत्र,बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्र दाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

१८.दरभाउपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखानम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ ।

१९.बोलपत्रफारम नियमानुसारको राजस्व रकम तिरी छत्रेश्वरी गाउँ कार्यपालिकाको कार्यालय, भोटेचौर, सल्यानबाट खरिद गरी पेश गर्न सकिनेछ ।

२०. ढुंगा,गिट्टी,वालुवा रोडा आदिको संकलन,उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समिति, छत्रेश्वरी गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नु पर्नेछ ।

२१. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

२२.अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।